# पाटन नगरपालिका

# राजपत्र

**बैतडी जिल्ला, प्रदेश नं. ७, नेपाल**

**पाटन नगरकार्यपालिकाद्धारा प्रकाशित**

**भाग ३ बर्ष १अंक ५ २०७४ फाल्गुन १८, शुक्रबार**

## पाटन नगरपालिकाविपदव्यवस्थापन कोषको स्थापनातथा संचालनकार्यविधि, २०७४

कार्यपालिकाबाट मिति २०७४।११।०४ मा स्वीकृत भएको पाटन नगरपालिकाविपदव्यवस्थापन कोषको स्थापनातथा संचालनकार्यविधि, २०७४, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिकजानकारीको लागि देहायबमोजिमप्रकाशनगरिएको छ ।

प्रस्तावनाः

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पाटन नगरपालिकाको विपदव्यवस्थापन कोषको स्थापनातथा संचालनगर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२३ बमोजिमको पाटन नगरकार्यपालिकाले यो कार्यविधिबनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " पाटन नगरपालिकाविपदव्यवस्थापन कोषको स्थापनातथा संचालनकार्यविधि, २०७४"रहेको छ ।

(२) यो कानूनकार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,-

(क)"कार्यलय प्रमुख"भन्नाले पाटन नगरपालिकाको प्रमुखप्रशासकीयअधिकृत सम्झनुपर्छ ।

(ख) "नगरपालिका"भन्नाले पाटन नगरपालिका सम्झनु पर्छ ।

(ग) "बैंक"भन्नाले कोषको सञ्चालनगर्न नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त पाटन नगरपालिकाको कार्यपालिकाले तोकेको कुनै बैंक सम्झनु पर्छ र सो शव्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्नेगरी तोकिएको बैंकको शाखा समेतलाई जनाउँछ ।

(घ) "वडा कार्यालय"भन्नाले पाटन नगरपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(च) "सभा"भन्नाले पाटन नगर सभा सम्झनुपर्छ ।

(छ) "कार्यपालिका"भन्नाले पाटन नगर कार्यपालिका सम्झनुपर्छ ।

(ज) घटना भन्नाले अनुसुची २ बमोजिमको घटना सम्झनुपर्छ ।

परिच्छेद-२

३. पाटन नगरपालिकाको एक विपदव्यवस्थापन कोष खाता स्थापनागरिने छ । सो कोषको पहिलो वर्षको रकमकार्यपालिकाले तोके बमोजिमहुने छ तथा दोस्रो वर्ष देखि सो कोषमावार्षिक रुपमाजम्मागर्नु पर्ने रकमनगर सभाले विनियोजन गरे बमोजिमको हुने छ ।

४. विपदव्यवस्थापन कोषको खाता संचालनकार्यलय प्रमुखतथा लेखाप्रमुखको नामबाट गरिन्छ ।

५. सो कोषको खाता संचालनकालागिकार्यपालिकाले तोके बमोजिमपायक पर्ने स्थानीय बैंकको प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद-३

६. विपदव्यवस्थापनको रकमपाउनको लागि अनुसुची १ बमोजिमको कागजपत्र पेश गर्नु पर्दछ ।

७.अनुसुची २ बमोजिमको घटना घटेकोलाई मात्र यस कोषबाट रकमउपलब्द गराईनेछ ।

८. यस कोषबाट रकमपाउन यस नगरपालिकाको नागरिक हुनुपर्नेछ ।

११. विपदव्यवस्थापनको लागिव्यक्तीविशेषलाई गर्नुपर्ने सहयोग तोक्ने अधिकारकार्यपालिकामानिहितहुने छ ।

१२.सहयोग पाउनकालागि घटना घटेको ७ (सात) दिनभित्र यस कार्यलयमानिवेदनदिई सक्नु पर्दछ ।

१३. यस कार्यविधिलाई संसोधनगर्ने अधिकार कार्यपालिकमानिहितहुने छ ।

## अनुसुची १

(परिच्छेद ३ को दफा ६ सँग सम्वन्धित)

१ निवेदन

२ नागरिकताको प्रतिलिपी/ बसाँई सराईको प्रमाण

३फोटो

४ वडा कार्यलयको सिफारिस

५प्रहरी मुचुल्का

६कार्यपालिकाको रकमखुलाईएको निर्णय

अनुसुची २

(परिच्छेद ३ को दफा७ सँग सम्वन्धित)

१. बाढी

२. पहिरो

३. आगजनी

४. विधुतीय दुर्घटना

५. भीरबाट लडेर, रुखबाट लडेर वाअन्यअसमायिकचोटपटक लागेमा

६. सवारी दुर्घटना

७पानीमा डुबेर हुने दुर्घटना

८ बीसालु सर्पको टोकाईबाट हुने दुर्घटना

९ भुकम्पीयजोखीमबाट हुने दुर्घटना

१० जंगलीजनावरको आक्रमणबाट हुने दुर्घटना

आज्ञाले

रविनअधिकारी

प्रमुखप्रशासकीयअधिकृत